अनुसूची– १६

(दफा ३३ को उप– दफा (२) सँग सम्वन्धित)

श्री वनगाउँ सामुदायिक वन उपभोक्ता समूह

लमही नगरपालिका वडा नं. ३ वनगाउँ, दाङ

## काठ/दाउरा वोलपत्रद्वारा लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०४/२१**

श्री वनगाउँ सामुदायिक वन उपभोक्ता समूहको वनवाट उत्पादित लमही नगरपालिका वडा नं. ३ वनगाउँमा घाट्गद्दी गरिएको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८(१) वमोजिम सुचिकृत ईच्छुक फर्म वा कम्पनीले यो सूचना गणतन्त्र दैनिक पत्रिकामा मिति २०८३/०४/२१ गते पहिलो पटक प्रकाशित भएको मितीले २१ औं दिन दिनको कार्यालय समय भित्र यस वनगाउँ सामुदायिक वन उपभोक्ता समूह लमही न.पा.३ वनगाउँ दाङ वा डिभिजन वन कार्यालय, दाङ्ग (देउखुरी) लमही मा वोलपत्र खरिद गरी २२ औं दिन दिनको १२.०० वजे भित्र सिलवन्दी वोलपत्र श्री वनगाउँ सामुदायिक वन उपभोक्ता समूह लमही-३, वनगाउँ दाङमा दाखिला गर्न आयकर, मु.अ.कर तथा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्र भएको काठ सम्वन्धी कारोवार गर्ने वन नियमावली- २०७९ को नियम १२८ वमोजिम सुचिकृत फर्म वा संस्यालाई आह्वान गरिएको छ ।यस सम्वन्धि विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

**१.वन पैदावारको विवरण**

| लट नं. | वनपैदावारको जात | किसिम | ग्रेड | थान | परिमाण क्यू.फि. | मुल्याङ्कन | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | न्युनतम मुल्य रू. | संकलन खर्च रू. |
| १. | खयर | गोलिया | – | १११७ | ८८३.०३ | ८,८३,०३०।- | १७६६०६।- |
| | कुल जम्मा | | | १११७ | ८८३.०३ | ८,८३,०३०।- | १७६६०६।- |

२. वोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३/०५/१० गते ।

३. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३/०५/११ (ख) समय १२.०० वजे सम्म ।

४. वोलपत्र साथ कवुल गरेको रकम को १०% ले हुन आउने रकम वोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य वैंक लमही शाखामा रहेको यस समूहको खाता नं. ४२९०१०००१५७५००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा वैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

५. वोलपत्र फारम प्रति लटको रु. १००० पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (देउखुरी), लमहीवाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

६. लिलाम वढावढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस वनगाउँ सामुदायिक वन उपभोक्ता समूहको लमही न.पा.-३, वनगाउँमा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (पि.ए.एन) दर्ता प्रमाणपत्रको प्रतिलिपि वोलपत्र साथ पेश गर्नुपर्नेछ।

अध्यक्ष

CamScanner

८. निर्धारीत न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/०५/११ गते यस समूहको कार्यालयमा दिनको २.०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धी कर, सङ्कलन खर्च छुट्टै वुझाइ लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

१०. वोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुवैमा लेखुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

११. वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

जनक कुमारी चौधरी

अध्यक्ष

अध्यक्ष

वनगाउँ सा.व.उ.स. लमही न.पा.-३ वनगाउँ, दाङ

CamScanner

